सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १६५ ♦ २०८० साल फागुन २४ गते विहिवार♦ 7 March 2024♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# थप १६ मन्त्रीले लिए शपथ, मन्त्रिमण्डल २० सदस्यीय बन्यो

**खबर दर्पण समाचारदाता**
**फागुन २३ गते, बर्दिबास**

नयाँ सत्ता गठबन्धनबाट मन्त्री बनेका १६ जनाले शपथ लिएका छन्। यो सँगै मन्त्रिमण्डल २० सदस्यीय भएको छ।

शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरुलाई पद तथा गोपनीयताको शपथ खुवाए। यसअघि मंगलबार तीन मन्त्रीले शपथ लिएका थिए।

सरकारमा तीन जना उपप्रधानमन्त्री बनाइएको छ। जनता समाजवादी पार्टीका उपेन्द्र यादव सहभागी भए चार उपप्रधानमन्त्री बनाउने तयारी छ।

बुधवार भने नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीका मन्त्रीहरुले शपथ लिएका छन्।



## कसलाई कुन मन्त्रालयको जिम्मेवारी ?

नेकपा (एमाले)

रघुवीर महासेठ - उपप्रधान तथा भौतिक पूर्वाधार
पदम गिरी - कानून, न्याय तथा संसदीय मामिला
हरि उप्रेती - रक्षा
भगवती चौधरी - महिला बालबालिका
राजेन्द्र राई - खानेपानी
दामोदर भण्डारी - उद्योग
ज्वालाकुमारी साह - कृषि
बलराम अधिकारी - भूमि व्यवस्था

### नेकपा (माओवादी केन्द्र)

नारायणकाजी श्रेष्ठ - उपप्रधान तथा परराष्ट्र
वर्षमान पुन - अर्थ
शक्ति बस्नेत - ऊर्जा
रेखा शर्मा - सञ्चार
हितबहादुर तामाङ - पर्यटन

### राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

रवि लामिछाने - उपप्रधान तथा गृह
डोलप्रसाद अर्याल - श्रम
विराजभक्त श्रेष्ठ - युवा तथा खेलकुद
सुमना श्रेष्ठ - शिक्षा

### एकीकृत समाजवादी

भानुभक्त जोशी -संघीय मामिला तथा सामान्य प्रशासन
धनबहादुर बुढा-शहरी विकास

# महासेठ दोस्रोपटक उपप्रधानमन्त्री, भौतिक पूर्वाधारको जिम्मेवारी

**खबर दर्पण समाचारदाता**
**फागुन २३ गते, बर्दिबास**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको जिम्मेवारी रघुवीर महासेठले सम्हालेका छन्। नेकपा एमालेले उनलाई उपप्रधान तथा भौतिकमन्त्रीसहित पार्टीबाट नेतृत्व गराउँदै सरकारमा पठाएको हो।

महासेठले दोस्रो पटक भौतिक मन्त्रीको जिम्मेवारी सम्हालेका हुन्। यसअघि २०७४ चैत २ मा उनी भौतिकमन्त्री नियुक्त भएका थिए। तर, उनको कार्यकाल सफल भने रहेन। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वका सरकारमा भौतिकमन्त्री बनेका महासेठ सहितका मन्त्रीहरुको काम सन्तोषजनक नभएपछि २०७६ मंसिरमा मन्त्रिपरिषद् पुनर्गठन भएको थियो। त्यसपछि २०७६ मंसिर ४ मा उनी मन्त्रीबाट बाहिरिएका हुन्।

यातायात व्यवस्था विभागको महानिर्देशकलाई काम गर्न नदिएको, सिन्डिकेटवाला यातायात व्यवसायीहरुको पक्षमा लागेको, काम नगर्ने ठेकेदारकै पक्षमा उभिएको, निर्माणको काम गराउन नसकेको, काठमाडौं उपत्यकाभित्र संघ सरकारले हेर्ने सडकका खाल्डाखुल्डी पुर्न पटक/पटक प्रधानमन्त्रीले भन्दा पनि अटेर गरेको लगायत कारण उनको कार्य सन्तोषजनक नभएपछि फेरिने मन्त्रीको सूचीमा परेका थिए।

उनी दुई तिहाई मतसहित बनेको सरकारका भौतिकमन्त्री थिए। जसले गर्दा उनले जनअपेक्षाअनुसार काम गर्लान् सबैको आशा थियो, तर त्यो अनुसार उनले काम गर्न सकेनन्। त्यो बेला मन्त्री महासेठले ३ महिनाभित्र काठमाडौंलाई खाल्डारहित बनाउने दाबी गरेका थिए, खाल्डाखुल्डी पुर्न त परको कुरा रह्यो। उपत्यकाभित्र निर्माणधीन सडकमा ठेकेदारले ढिलाइ गरे पनि कारबाहीको दायरामा ल्याउन सकेनन्।

सुर्यविनायक-धुलीखेल सडक विस्तार उनकै हस्तक्षेपका कारण समयमै ठेक्कामा जान नसकेको आरोप लाग्ने गरेको छ।



उनी बाहिरिएपछि बसन्तकुमार नेम्वाङ भौतिकमन्त्री नियुक्त भएका थिए। महासेठ प्रतिनिधिसभा सदस्यमा ०७४ र ०७९ मा धनुषा ४ बाट निर्वाचित भएका हुन्। ०६७ फागुनदेखि ०६८ भदौसम्म जलस्रोत र ०७८ जेठ २१ देखि ०७८ असार ८ सम्म महासेठ परराष्ट्रमन्त्री भएका थिए।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस्।

शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# औरही नगरपालिकामा दादुरा-रुबेलाविरुद्धको दोस्रो चरणको खोप अभियान संचालन सुरु

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**फागुन २३ गते, महोत्तरी**

महोत्तरीको औरही नगरपालिका वडा नम्बर २ मा रहेको चिल्ड्रेन ग्लोरी पब्लिक एकेडेमी बिधालयमा मंगलवार एक कार्यक्रमको आयोजना गरि दादुरा-रुबेला खोप अभियानको दोस्रो चरणको अभियान उदघाटन गरिएको छ।

महोत्तरीको औरही नगर पालिका,गौशाला नगर पालिका,बलवा नगर पालिका,बर्दिवास नगर पालिका,भंगहा नगरपालिका,रामगोपालपुर नगरपालिका,सम्सी गाउपलिका र सोनाम गाउपलिकाहरुमा एकै साथ दोश्रो चरणको दादुरा-रुबेला बिरुद्धको खोप दिन सुरु गरिएको छ ।

'नेपालबाट दादुरा-रुवेला खोप पुर्णरुपमा निवारण गरौं' भन्ने नाराका साथमा स्वास्थ्य मन्त्रालयले सुरु गरेको राष्ट्रिय खोप अभियान अन्तर्गत आज मंगलवारबाट महोत्तरी जिल्लाको ८ ओटा पालिकाहरुमा दोश्रो चरणको दादुरा-रुवेला बिरुद्धको खोप दिन सुरु गरिएको हो। गत वर्ष कतिपय जिल्लामा दादुरा-रुबेलाको संक्रमण देखापरेपछि सरकारले यसवर्ष फागुन १३ देखि २४ गतेसम्ममा ९ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई दादुरा-रुबेला खोप अभियान सञ्चालन गर्न थालेको हो । स्वास्थ्य तथा जनसङख्या मन्त्रालयले आजदेखि चैत्र ७ गतेसम्म देश व्यापी रूपमा सो खोप अभियान ल्याएको छ ।

राष्ट्रिय खोप कार्यक्रम दादुरा-रुबेला खोप अभियान २०८०/२०८१ कार्यक्रम सञ्चालन निर्देशिका अनुसार विगत एक वर्षमा दादुरा रोगको महामारी भएको स्थान र दादुरा रोगका बिरामीको उमेरलाई विश्लेषण गरेर यस अभियानमा दादुरा-रुबेला खोप प्रदान गर्ने लक्षित समूहको आधारमा जिल्लालाई २ समूहमा विभाजन गरेको जनाइएको छ । पहिलो समूहमा दादुरा-रुबेलाका लागि उच्च जोखिम भनी पहिचान गरिएका तराईका २१ जिल्ला र काठमाडौँ उपत्यकाभित्रका ३ जिल्ला गरी २४ जिल्ला छन् । दोस्रो समूहमा बाँकी ५३ जिल्ला रहेको निर्देशिकामा उल्लेख गरिएको छ ।

यस अभियान अन्तर्गत ६ महिनादेखि १५ वर्षमुनिका बालबालिकाहरुका लागि दादुरा-रुबेला खोप दिइने जनाइएको छ। अभियान संचालन गर्नु अघि आयोजित समारोहलाई सम्बोधन गर्दै औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले आफ्नो नगरमा यस अभियानलाई सशक्त रुपमा लैजाने बताए। । उनले अभियानलाई थप प्रभावकारी बनाउन नगरपालिका लागि परेको बताउँदै आफ्नो भुमिकामा कहि कतै नचुकी आफ्नो कर्तव्य पुरा गर्ने बताए । उनले अभियानलाई सफल पार्न स्थानीय सरोकारवाला पक्ष तथा आम सञ्चार माध्यमको पनि अमुल्य भुमिका रहेको हुँदा सञ्चारकर्मीले पनि आ-आफ्नो स्थान बाट सहयोग गर्न अनुरोध गरे ।

त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै खोप अभियान अन्तर्गत औरही नगरपालिका भित्र करिब १४ हजार ३ सय २२ बालबालिकाहरुलाई दादुरा रुबेला खोप दिइने औरही नगरपालिका स्वास्थ्य शाखा कार्यालयका प्रमुख चन्द्र भुसन ठाकुरले जानकारी दिए । फाल्गुन १५ गते मंगलवारका दिन औरही नगरपालिकाको सभाकक्षमा दादुरा रुबेला खोप अभियान बारे १ दिने अभिमुखिकरण कार्यक्रम गर्नु भएको थियो सो कार्यक्रममा वडा १ देखि ९ सम्मका वडा अध्यक्षहरु,औरही नगरपालिका भित्र रहेका सामुदायिक बिधालयका प्रधानाध्यापकहरु,निजि बिधालयका, प्रधानाध्यापकहरु,धार्मिक बिधालयका प्रधानाध्यापकहरु, प्रहरी,वडा सचिव,स्वास्थ शाखाका



कर्मचारीहरु, पत्रकार, लगाएत औरही नगरपालिकाका स्वास्थ्यकर्मी विभिन्न शाखाका कार्मचारीहरु सित छलफल समेत गरिएको थियो । मंगलवार २२ देखि सुरु भएको खोप अभियान २९ गतेसम्म सञ्चालन हुने स्वास्थ्य शाखा प्रमुख ठाकुरले जनाए। खोप अभियान स्वास्थ्य संस्था, विद्यालयलगायत क्षेत्रमा सञ्चालन गरिने उनले जानकारी दिए । "खोप पूर्णरुपमा सुरक्षित र प्रभावकारी रहेकाले आफ्ना सम्पूर्ण बालबालिकाहरुलाई सम्बन्धित खोप केन्द्रमा लगेर खोप लगाइदिन आग्रह गर्छु", ठाकुले भने, "यो रोग सबै उमेर समूहलाई लाग्न सक्ने भए पनि बालबालिकाहरुलाई बढी असर गर्छ । त्यसैले लक्षित उमेर समूहलाई खोप लगाउँदै छौँ ।" सरकारले सन् २०२६ सम्ममा दादुरा रुबेलालाई निवारण गर्ने लक्ष्य पूरा गर्न खोप अभियान सञ्चालन गरेको हो । औरही नगरपालिकाको ९ वटै वडामा खोप केन्द्रबाट खोप दिइने छ ।

साथै ११५ जना कर्मचारी खटिएको छ ,११ जना सुपर भिजनका लागि कर्मचारी खटिएको छ र १६२ जना स्वयम् सेवक सबै वडामा स्वास्थ्यकर्मी खोप सेवाका लागि खटिएका छन् । औरही नगरपालिका स्वस्थ्य शाखाद्वारा अभियान संचालन गरिएको कार्यक्रमको अध्यक्षता महोत्तरी जिल्ला स्वास्थ प्रमुख सुनिता गुप्तामा र प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख सुमन लाल कर्णाको उपस्थितिमा एक कार्यक्रमको आयोजना गरि अभियाना.थालिनी गरिएको हो ।

कार्यक्रममा बिशिस्ट अथिति नगर प्रमुख प्रदिप कुमार खड्का,नगर उपमेयर रेनु झा, अथिति प्रमुख जिल्ला अधिकारी शिवराम गोलाल,स्वास्थ महाशाखा प्रमुख इन्द्र कुमार रजक,सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने,औरही नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्र लाल कर्ण,वडा १ का वडा अध्यक्ष योगी चौधरी स्थानीय राजनीतिकर्मी,स्थानीयहरु लगायत बिधार्थी र शिक्षकहरुको उपस्थितमा प्रमुख अतिथि, बिशिस्ट अथिति र अथितिहरु मिलेर बालबालिकालाई खोप लगाएर शुभारम्भ गरिएको थियो।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट -** लामो समयपछि रसरङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह -**सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या -** खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला -**समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक -**अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु -** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर -**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ-**मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सडक पूर्वाधारका समस्या समाधान गर्न लाग्ने छु: मन्त्री महासेठ

रघुवीर महासेठ दोस्रो पटक उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको कार्यभार सम्हालेका छन् । २०७४ चैत २ मा उनी भौतिकमन्त्री नियुक्त भएका थिए । तर, उनको कार्यकाल सफल भने रहेन । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वका सरकारमा भौतिकमन्त्री बनेका महासेठ सहितका मन्त्रीहरुको काम सन्तोषजनक नभएपछि २०७६ मंसिरमा मन्त्रिपरिषद् पुनर्गठन भएको थियो ।त्यसपछि २०७६ मंसिर ४ मा उनी मन्त्रीबाट बाहिरिएका हुन् । उनले मन्त्रालय छाड्दै गर्दा जे-जस्ता समस्या थिए, अहिले पनि प्राय: उस्तै छन् ।

ठेक्का भएको लामो समय बित्दा सडक निर्माण सम्पन्न हुन सकेका छैनन् । सबै प्रक्रिया पूरा गरेर पनि करिब १५ लाखले सवारी चालक अनुमति पत्र (लाइसेन्स) पाउन सकेका छैनन । निर्माण व्यवसायीले काम गरेको भुक्तानी पाउन सकेका छैनन् । भौतिक मन्त्रालय अन्तर्गतका निकायहरुमा समस्याको चाङ छ, यही बीचमा मन्त्री भएर पदभार ग्रहण गरेपछि महासेठसँग सञ्चारकर्मीले गरेको संक्षिप्त कुराकानी :



**रघुवीर महासेठ**
**उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री**

**भौतिकमन्त्री भएर आउनुभएको छ, सवारी चालक अनुमति पत्र (लाइसेन्स) को समस्या छ, यसलाई कसरी समाधान गर्नु हुन्छ ?**

यसबारे अध्ययन नगरी जवाफ दिन सकिँदैन । के-के समस्या छन्, अध्ययन गर्ने छु । कर्मचारीहरुको सहयोगमा यो समस्या छिटोभन्दा छिटो समाधान गर्न लागि पर्ने छौं ।

**मुग्लिन-पोखरा, नारायणगढ-बुटवल लगायतका सडक निर्माणमा ढिलाई भइरहेको छ, यी यस्ता सडक निर्माणका समस्यालाई कसरी समाधान गरेर अघि बढ्नु हुन्छ ?**

मुग्लिन-पोखरा सडक विस्तारको सुरुआत हाम्रै पालामा भएको थियो । तर किन र के कारणले यसको निर्माणमा ढिला भयो, सबैलाई थाहा छ। यसअघिका सरकारबाट कमीकमजोरी भय वा कहाँबाट कमीकमजोरी भयो, यसबारे पहिला अध्ययन गर्न दिनुस् । अब काममा ढिलाई हुने छैन । कसरी समस्या समाधान गर्ने, सचिव, महानिर्देशक सम्बन्धित आयोजना प्रमुखसँग छलफल गरेर मात्र यसबारे जवाफ दिने छु ।

**राष्ट्रिय गौरवका आयोजनामा समस्या आइरहेको छ, यसलाई कसरी समाधान गर्नुहुन्छ ?**

मन्त्रालयका सचिवलगायत कर्मचारीहरुसँग बसेर पनि छलफल गर्ने छु। गौरवका आयोजना कति त सम्पन्न हुने अवस्थामा छन्, कतिमा बजेटको समस्या छ। बजेट कटौतीका कारण पनि त्यस्ता आयोजनामा काम हुन नसकेको हो। देशको आर्थिक स्थिति के छ, त्यो अनुसार नै काम गर्नु पर्ने हुन्छ। बजेटका कारणले रोकिएको छ कि अन्य कारणले समस्या छ, १५ दिन भित्र प्रतिवेदन दिनेगरी मन्त्रालयको पूर्वाधार तथा यातायात महाशाखाका सहसचिव कृष्णराज पन्थको नेतृत्वमा कार्यदल बनेको छ। प्रतिवेदन आएपछि सबै थाहा हुने छ ।

**भौतिकमन्त्रीका रुपमा पहिलो निर्णय के गर्नुभयो ?**

मन्त्रालयका सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल बनाएर कामहरुमा किन ढिलाई भइरहेको छ, यो काम गर्न योजनासहित के गर्नु पर्छ, चाहे त्यो सडक, पुल वा रिंगरोड नै किन नहोस् । सबैको सम्बन्धमा १५ दिनभित्र प्रतिवेदन दिनेगरी कार्यदल बनाउने निर्णय गरेको छु। १५ दिनपछि यी सबै प्रश्नका जवाफ दिने छु।

# काँग्रेसलाई रिबिल्ड, रिस्टार्ट र रिस्ट्रेन्थन गरौँ : काँग्रेस महामन्त्री थापा

**खबर दर्पण समाचारदाता**
**फागुन २३ गते, महोत्तरी**

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पुष्पकमल दाहाल नेतृत्वको नयाँ गठबन्धन सरकार कुहिएर झर्ने टिप्पणी गरेका छन्।

बुधबार साँझ शीतल निवासमा शपथ ग्रहणको तयारी भइरहँदा थापाले भिडिओमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै वर्तमान सरकार फतक्क कुहिएर झर्ने बताएका हुन्।

'यो सरकार यसरी बनेको छ, दौडिने त कुरै छोड्नुस् हिँड्न पनि सक्दैन। आफ्नै भारीले थिचिन्छ, फतक्क कुहिएर झर्छ,' उनले भने।



महामन्त्री थापाले भिडियो राखिएको फेसबुक पोस्टमा भलेखेका छन्, 'कुनै अलमलमा नपरौँ। धोका दिने नै नियत भएकाले,आज नभए भोलि धोका दिन्थे नै। त्यसैले अब कांग्रेसलाई रिबिल्ड, रिस्टार्ट र रिस्ट्रेन्थन गरौँ।'






# जलेश्वरमा तीन दिन माछामासु र नशालु पदार्थ निषेध

**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, महोत्तरी**

महाशिवरात्री पर्वलाई दृष्टिगत गरेर जिल्ला प्रशासन कार्यालय (जिप्रका) महोत्तरीले चारकिल्ला तोकी जलेश्वर नगरपालिका क्षेत्रमा तीन दिनका लागि मांसमदिरा तथा नशालु पदार्थ निषेध गरेको छ ।

जिप्रकाले मंगलबार विज्ञप्ति प्रकाशित गरी फागुन २४ बाट २६ गतेसम्मका तीन दिन तोकिएका चारकिल्लाभित्र मांस, मदिरा र नशालु पदार्थहरू उत्पादन, बेचबिखन, ओसारपसार र सेवन निषेध गरिएको जनाएको छ ।

शिवरात्री महापर्वका अवसरमा नगरक्षेत्रको पवित्रता तथा शुद्धता कायम राख्न सो निषेधाज्ञा जारी गरिएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जानकारी दिए ।

स्थानीय प्रशासनले मद्यमांस तथा नशालु पदार्थ तोकेको चारकिल्लामा राविम क्याम्पसदेखि पूर्व, नेपाल पत्रकार महासंघको कार्यालयदेखि पश्चिम, जिरोमाइलदेखि दक्षिण र खैराचोकदेखि उत्तरका क्षेत्र छन् । यी चारकिल्लाभित्र जलेश्वर नगर को सहरी क्षेत्र पर्दछ ।

जिप्रका महोत्तरीका अनुसार स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ अनुसार निर्धारित स्थानलाई निश्चित अवधिका लागि मद्यमांस र नशालु पदार्थ निषेधित क्षेत्र बनाइएको हो । निषेधाज्ञाविरुद्ध जानेहरूलाई प्रचलित कानुनअनुसार कारबाही हुने जनाइएको छ ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ मा कसैले कुनै काम गर्न लाग्दा वा केही वस्तु रहँदा वा कसैले राख्दा हुलदंगा भई शान्तिसुरक्षा भंग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै काम गर्नबाट निषेध गर्ने र कुनै सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने उल्लेख छ ।

# मिथिला नगरपालिकामा दुई दिनमा दुई जनाको शव फेला

**खबर दर्पण समाचारदाता**

**फागुन २३ गते, महेन्द्रनगर**

धनुषाको मिथिला नगर पालिकामा दुई दिनको अवधिमा दुई जनाको शव भेटिएको छ । मिथिला नगरपालिका-६, ढल्केबर मा माागी खाने एक महिलाको शव सोमबार भेटिएको थियो । इलाका प्रहरी कार्यालय ढल्केबर का अनुसार होटल तथा पसलमा गएर मागी खाने क्षीरेश्वरनाथ नगरपालिका-७, दुर्गाटोलकी अन्दाजी ४० वर्षीया राधा बस्नेतको शव भेटिएको हो । घटनास्थलको मुचुल्का गरी ती महिलाको शव उहाँका श्रीमान् कालीप्रसाद बस्नेतलाई जिम्मा लगाइएको प्रहरीले जानकारी दिएको छ ।

मानसिक सन्तुलन बिग्रेकी ती महिला विगत पाँच/छ वर्षदेखि ढल्केबर र वरपरको गाउँ डुलेर मागी खाने गर्दैआएकी थिइन् ।

यस्तै, मङ्गलबार साँझ मिथिला नगरपालिका-५, श्रीपुरस्थित और ही खोलामा एक जना पुरुषको शव फेला परेको थियो ।

क्षीरेश्वरनाथ नगरपालिका-५, गिरीटोलका अन्दाजी ३५ वर्षीय नागेश्वर यादवको शव भेटिएको हो ।

प्रहरीका अनुसार मृतक यादवको शरीरमा कुनै घाउचोट देखिएको छैन ।

अत्यधिक रक्सी सेवनबाट यादवको मृत्यु भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको प्रहरीको भनाइ छ ।

शवलाई पोस्टमार्टमका लागि मङ्गलबार राति नै प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ ।


## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि बर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

**तपसील**

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**

वर्दिवास, महोत्तरी

सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५

## दादुरा-रुबेला खोप अभियान

पूर्ण खोप, सुरक्षित भविष्य

२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म




दादुरा, रुबेला अतिनै संक्रामक र प्राणघातक रोगहरु हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । त्यसैले आफ्ना बालबालिकालाई दादुरा-रुबेला खोप लगाएर यी रोगहरु लाग्नबाट बचाऔं ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ । त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ-टोलमा सञ्चालन हुने खोप केन्द्रको नाम, सञ्चालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् । खोप अभियान सम्बन्धि थप जानकारीका लागि पैसा नलाग्ने नं ११११५ मा सम्पर्क गर्नुहोला ।

**औरही नगरपालिका, महोत्तरी**

## दादुरा-रुबेला खोप अभियान

पूर्ण खोप, सुरक्षित भविष्य

२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म




दादुरा, रुबेला अतिनै संक्रामक र प्राणघातक रोगहरु हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । त्यसैले आफ्ना बालबालिकालाई दादुरा-रुबेला खोप लगाएर यी रोगहरु लाग्नबाट बचाऔं ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ । त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ-टोलमा सञ्चालन हुने खोप केन्द्रको नाम, सञ्चालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् । खोप अभियान सम्बन्धि थप जानकारीका लागि पैसा नलाग्ने नं ११११५ मा सम्पर्क गर्नुहोला ।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा